# साहित्यकार तथा समालोचक प्राडा.राजेन्द्र सुवेदीको निधन

**हिमालय टाइम्स**

**काठमाडौं, ३ जेठ**

वरिष्ठ साहित्यकार तथा समालोचक प्राडा.राजेन्द्र सुवेदीको निधन भएको छ । कोरोना संक्रमणका कारण उहाँको ७६ वर्षका उमेरमा सोमबार बिहान निधन भएको हो ।

उहाँको केही दिनयता शहीद गंगालाल राष्ट्रिय हृदयरोग केन्द्रको भेन्टिलेटरमा राखेर उपचार गरिएको थियो भने सोअघि ह्याम्स अस्पतालमा उपचार गरिएको थियो । सुवेदी गोरखापत्र संस्थानका पूर्वअध्यक्ष तथा कोटेश्वर क्याम्पसका संस्थापकसमेत रहनुभएको थियो । त्रिभुवन विश्वविद्यायलका नेपाली विषयका प्राध्यापक रही लामो समयसम्म अध्यापन गर्नुभएका सुवेदीको कार्यकालमा त्रिभुवन विश्वविद्यालयमा नेपाली विषयको एमफिल सुरु भएको थियो ।



सुवेदीका कविता, निबन्ध, प्रबन्ध समालोचनालगायत तीन दर्जन पुस्तक प्रकाशित छन् । २००२ सालमा पाँचथरमा जन्मिनु भएका सुवेदीका दुई छोरी र एक छोरा हुनुहुन्छ ।

# राधे पाइरेसी गर्नेलाई सलमानको चेतावनी

**मुम्बई (एजेन्सी)** । गत शुक्रबारबाट डिजिटल प्लेटफर्ममा सार्वजनिक गरिएको बलिउड चलचित्र 'राधे' पाइरेसीको शिकार बनेको छ । यसैबीच चलचित्रका अभिनेता सलमान खानले 'राधे' पाइरेसी गर्नेलाई कारबाही गर्ने बताउनु भएको छ ।

उहाँले सामाजिक सञ्जालमा एक स्टाटस लेख्दै चलचित्र पाइरेसी गर्नेलाई कानुनी कारबाही गर्ने चेतावनी दिनुभएको हो । 'राधे: योर मोस्ट वान्टेड भाइ' इदको अवसरमा मे १३ मा सिनेमा घरसहित विभिन्न डिजिटल प्लेटफर्ममा रिलिज भएको थियो । तर केही घण्टामै चलचित्र पाइरेसी भएको हो ।



चलचित्र पाइरेसी गर्नेहरूसँग आक्रोशित हुँदै सलमानले लेख्नुभएको छ, 'हामीले फिल्म राधे २४९ रुपैयाँमा हेर्नेगरी ल्याएका थियौं । तर पनि चलचित्र पाइरेसी भइरहेको छ । जुन गैरकानुनी अपराध हो । साइबर सेल गैरकानुनी रूपमा फिल्मको पाइरेसी गर्नेविरुद्ध कडा कदम चाल्ने तयारीमा छ ।'

उहाँले कसैलाई पाइरेसीको हिस्सा नबन्न आग्रह गर्नुभएको छ । 'साइबर सेलले तपाइँको विरुद्धमा कडा कदम चाल्नेछ । प्लिज, सम्झिनुहोला तपाइँ साइबर सेलको निशानामा पर्न सक्नुहुन्छ,' सलमानले सचेत गराउनु भएको छ । प्रभु देवाको निर्देशन रहेको चलचित्रमा सलमानसँगै दिशा पटानी, रणदीप हुड्डाको अभिनय छ ।

# नवीनको निर्देशनमा चाहना सार्वजनिक

**काठमाडौं/हिटा ।** सेलिना श्रेष्ठको स्वर, शब्द तथा संगीतमा रहेको नयाँ गीत 'चाहना' सार्वजनिक गरिएको छ । गीतको भिडियो भने नवीन न्यौपानेले निर्देशन गर्नुभएको छ । म्युजिक भिडियो राम्रो बनाउन आफूले अत्यधिक मिहिनेत गर्नुपरेको निर्देशक नवीनले बताउनुभएको छ । 'यसमा मेरोमात्रै नभएर भिडियो निर्माणमा काम गर्ने सबै सदस्यको उत्तिकै भूमिका छ', उहाँले भन्नुभएको छ, भिडियो राम्रो हुनुमा सबै जस उहाँले टिमलाई दिनुहुन्छ ।

न्यौपानेले प्रेम कथालाई भिडियोको विषयवस्तु बनाउनु भएको छ । भिडियोमा कसरी केही मान्छेको कारणले गर्दा प्रेम बिछोड हुन्छ भन्ने कुरालाई कलात्मक ढंगले प्रस्तुत गरिएको छ । भिडियोमा नवीन स्वयं आफैंले अभिनय गर्नुभएको छ ।

हालसम्म नवीनले लघु चलचित्र, ठूलो पर्दाका चलचित्रलगायत अन्य म्युजिक भिडियोमा धेरै काम गरिसक्नु भएको छ । भिडियोमा बरुन कोइरालाको छायांकन तथा युगराज खड्काको सम्पादन छ । अभिनयमा नवीनलाई दीपिका थापामगरले साथ दिनुभएको छ । भिडियोको सहायक निर्देशनमा निकिता गुरुङ र मीरा गुरुङ रहनु भएको छ । त्यसैगरी प्रोडक्शनमा जीवन जँग थापा र प्रकाश भट्टराई रहनु भएको छ ।

# सुकृतिलाई ५ लाख बढीको ब्लुमक्विस्ट पुरस्कार

**हिमालय टाइम्स**

**काठमाडौं, ३ जेठ**

ब्लुमक्विस्ट परिवारिक छात्रवृत्ति कोषले 'सत्र पुष्प पत्रहरू' नामक कथा संग्रहकी लेखक सुकृति शर्मालाई ब्लुमक्विस्ट-२०२१ वर्ष पुरस्कार प्रदान गरेको छ ।

परिवार, विद्यालय र सामाजिक क्षेत्रमा उल्लेखनीय योगदान गरेका फेयरफ्याक्स काउन्टी स्कुलअन्तर्गतका उत्कृष्ट विद्यार्थीमध्येबाट छानिने एक विद्यार्थीलाई वार्षिक रूपमा प्रदान गरिने उक्त पुरस्कारको राशि ५ हजार डलर रहेको छ । ब्लुमक्विस्ट परिवारिक प्रतिष्ठानले लामो समयदेखि ' कलेज एक्सेस फेयरफ्याक्स: ओपनिङ डोर टु द फ्युचर' नामक संस्थामार्फत उक्त पुरस्कार प्रदान गर्दै आइरहेको कुरा कलेज एक्सेस फेयरफ्याक्सद्वारा प्रेषित पत्रमा उल्लेख गरिएको छ ।

उक्त पुरस्कार पाएपछि नेपाली-अमेरिकी चेली सुकृति शर्माले भन्नुभयो, 'यो उनको कडा परिश्रम, बुबा-आमाको प्रोत्साहन र आफ्नो सृजनशीलताको परिणाम हो ।' सुकृतिले आफ्नो भाइ साइमनसँग मिलेर लेखेको 'सत्र पुष्प पत्रहरू' नामक कथा संग्रह अमाजनमा उल्लेखनीय रूपमा बिक्री भइरहेको छ । उक्त पुस्तकलाई फेयरफ्याक्स काउन्टी पुस्तकालयले पाठक सदस्यहरूलाई अध्ययनका लागि आफ्ना सबै २३ वटा शाखामा उपलब्ध गराएको छ । सो पुस्तकबाट उठेको रकम नेपाल र लेबनानस्थित शरणार्थी शिविरहरूमा रहेका बालबालिकाको स्वास्थ्य सेवाका लागि जाने गरेको सुकृतिले बताउनुभयो ।


भविष्यमा विश्वभरका बालबालिकाहरूको स्वास्थ्यका लागि आफ्नो जीवन लगानी गर्ने सोच बनाउनु भएकी सुकृतिले सानै उमेरदेखि स्थानीय एवं राष्ट्रियस्तरका समाचारपत्रमा बालबालिकाको पक्षमा आफ्ना लेख प्रकाशन गर्दै आइरहनु भएको छ ।

# हिन्दी सिरिजमा रोबिनको अभिनय

**हिमालय टाइम्स**

**काठमाडौं, ३ जेठ**

नेपाली चलचित्रका कलाकार रोबिन तामाङले हिन्दी सिरिजमा काम गर्नुभएको छ । रोबिनले अभिनय गरेको हिन्दी सिरिज 'द लाष्ट आवर' शुक्रबारबाट ओटिटी प्लेटफर्ममा प्रिमियर भएको छ । 'पे पर भ्यु'मार्फत् अमेजन प्राइम भिडियोमा सार्वजनिक भएको सिरिजमा उहाँ भिलेनको भूमिकामा हुनुहुन्छ । उहाँलाई सिरिजको ट्रेलरमा भने स्थान दिइएको थिएन ।



आठ एपिसोड लामो यो सिरिजमा रोबिन यामानाडु नामको तान्त्रिकको भूमिकामा हुनुहुन्छ । भारतको उत्तर पूर्वी राज्य (सिक्किम) को पृष्ठभूमिमा आधारित सिरिजको छायांकन सिक्किम र मुम्बईमा भएको हो । सिरिजमा भारतमा बस्ने थुप्रै नेपाली कलाकारहरूको अभिनय छ । आइएमडिबीमा सिरिजलाई १० मा ८ रेटिङ मिलेको छ । अर्थात् सिरिजलाई दर्शकले निकै रुचाएका छन् । सिरिजको निर्देशन अमित कुमारले गर्नुभएको छ । उहाँले यसअघि इरफान खानसँग 'बायपास', नवाजुद्दीन सिद्दीकीसँग 'मनसुन शुटआउट' फिल्म बनाइसक्नुभएको छ ।

# भारतले बनायो कोरोनाविरुद्धको औषधि २ डिओक्सि–डी–ग्लुकोज

**एजेन्सी**

**नयाँदिल्ली, ३ जेठ**

भारतले कोभिड-१९विरुद्धको औषधि सार्वजनिक गरेको छ । भारतको 'डिफेन्स रिसर्च एण्ड डेभेलपमेन्ट अर्गनाइजेशन'( डीआरडीओ) ले विकास गरेको औषधि भारत सरकारले सोमबार सार्वजनिक गरेको हो ।

समाचार संस्था एएनआईका अनुसार भारतको केन्द्रीय रक्षा मन्त्री राजनाथ सिंह र स्वास्थ्य मन्त्री हर्षवर्धनले कोभिड १९ विरुद्धको २ डिओक्सि-डी-ग्लुकोज नामक औषधि सार्वजनिक गर्नुभएको हो । भारतको डीआरडीओको 'इन्स्टिच्युट अफ न्यूक्लियर मेडिसिन एण्ड एलाइड साइन्सेज'ले डा.रेड्डी प्रयोगशालासँगको समन्वयमा उक्त औषधि विकास गरेको हो ।

रक्षामन्त्री राजनाथ सिंहले औषधि सार्वजनिक गर्दै कोभिड-१९ का बिरामीलाई २-डीजी ग्लुकोज औषधि निकै प्रभावकारी बन्ने विश्वास व्यक्त गर्नुभयो । भारतले कोविड-१९ संक्रमित बिरामीको लागि तयार पारेको यो पहिलो औषधि आशाको नयाँ किरण भएको उल्लेख गर्नुभयो । यो औषधिको प्रयोगले बिरामी चाँडै निको हुने गरेको जानकारी दिँदै सिंहले अक्सिजनको निर्भरतामा पनि ४० प्रतिशतले कटौती भएको बताउनुभयो । अक्सिजनका क्षेत्रमा ठूलो राहत पुग्ने रक्षा मन्त्री सिंहको भनाइ छ । उहाँले नियमित सेवामा रहेका कर्मचारीले मात्र महामारी थेग्न नसक्ने भएपछि सेवानिवृत्त भएकाहरूलाई पनि फेरि काममा आह्वान गरिएको बताउनुभयो ।

२-डीजी औषधिको दश हजार डोजको पहिलो ब्याच सार्वजनिक गरिएको छ । धुलोको रूपमा आउने औषधिलाई पानीमा घोलेर खानेगरी तयार गरिएको छ । औषधि भाइरसले प्रभावित बनाएको कोषसम्म पुगेर भाइरसको वृद्धि तथा भाइरल संश्लेषण रोक्ने र ऊर्जा उत्पादन गर्नेछ ।

भारतीय समाचार संस्था एएनआईका अनुसार दोस्रो लहरबाट नराम्ररी प्रभावित बनेको भारतमा कोभिड-१९ विरुद्धको उक्त औषधिले कोरोना संक्रमण रोक्ने तथा अस्पतालमा उपचारार्थ बिरामी छिटो निको हुने विश्वास गरिएको छ । यो औषधिलाई भारतको औषधि महानियन्त्रक डीजीसीआईले आपत्कालीन प्रयोगका लागि अनुमति दिएको छ ।

२-डीजी औषधिले बिरामीलाई अक्सिजनमाथिको निर्धरता कम गर्ने बताइएको छ । भारतमा दोस्रो लहरको कोरोना संक्रमणमा सबैभन्दा धेरै अक्सिजनको अभाव झेल्नु परेको थियो । यसअघि कोरोनाका संक्रमितहरुलाई रेम्डेसिभिर औषधि प्रयोग गरिँदै आएको छ । यो औषधिले संक्रमणमुक्त हुने अवधि घटाउने विश्वासमा प्रयोग गरिएको हो ।

# प्रेमिल सन्देश सार्वजनिक

**हिमालय टाइम्स**

**काठमाडौं, ३ जेठ**

युवा गायक, संगीतकार तथा मोडेल सन्देश श्रेष्ठको प्रेमिल शैलीको भिडियो 'मायालु तिमीलाई' सार्वजनिक गरिएको छ । राइजिङ स्मुल ग्रुपले आयोजना गरेको 'ओपन सिंगिङ कम्पिटिसन'का फष्ट रनरअप निमा शेर्पाको स्वरमा रहेको 'मायालु तिमीलाई'को भिडियोमा संदेश श्रेष्ठ र अञ्जु चापागाईंको अभिनय छ ।

जिडी तामाङको शब्द संगीत रहेको गीतलाई प्रदीप श्रेष्ठले एरेन्ज गर्नु भएको छ । भिडियोमा दीपेन बस्नेतको छायांकन र जितेन्द्र राजोपाध्यायको निर्देशन छ । यो गीत राइजिङ स्मुल ग्रुपको अफिसियल युट्युबमा हेर्न सकिन्छ ।




## Re-Invitation for Bids

Government of Nepal (GoN)

**Health Insurance Board (HIB)**

***Teku, Kathmandu***

**IFB No. HIB/G/NCB/2077-78/06re**

**Contract Identification No: HIB/G/NCB/2077-78/06re**

**Date of second publication: 18 May 2021**

1. The ***Health Insurance Board (HIB)*** re-invites electronic bids from eligible bidders for the procurement of following goods under National Competitive bidding procedure. The name and identification of the contract is as follows

| Contract ID No. | Name of Procurement | Bid Security Rs. | Document Fee Rs. |
|---|---|---|---|
| HIB/G/NCB/2077-78/06re | Supply and Delivery of Mobile Phone | 2,00,000/- | 3,000/- |

2. Eligible bidders may obtain further information at the office of **HIB, Teku, Kathmandu, Tel 01-4100223, Toll Free No. 1660-01-11224** of office or may visit PPMO's e-GP system **https://www.bolpatra.gov.np/ egp**
3. Bidding documents is can be downloaded from e-GP system: **www.bolpatra.gov.np/egp**. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document **Rs. 3000/-** in the following bank.
   ***Information to deposit the cost of bidding document in Bank:***
   ***Name of Office:*** ***Health Insurance Board (HIB), Teku, Kathmandu***
   ***Name of the Bank:*** ***Rastriya Banijya Bank, Teku***
   **Office Code No: 370313501** **Account No: 1000200010000** **Revenue Head No: 14229**
4. Interested Bidders shall submit the electronic Bids through e-GP portal **www.bolpatra.gov.np/egp** to the office of Health Insurance Board on or before **12:00 Noon, on 2 June 2021.**
5. Bids shall be opened in the presence of bidder's representatives who choose to attend **2:00 PM on 2 June 2021** at the **office of HIB, Teku, Kathmandu.** Bids must be valid for a period of 90 days counting from the day of bid opening and must be accompanied by bid security as mentioned above which shall be valid for minimum 30 days beyond the bid validity period.
6. If the last date of submission and opening falls on a government holiday then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.
7. If bidder wishes to submit the Cash Security, the cash should be deposited in Account of **Financial Comptroller General Office, Tripureshwor Deposit Account No-1700100102030000, Office Code No: 370313501 at Rastriya Banijya Bank, Teku Branch** and submit the receipt of the deposited amount of cash along with the Bidding document.
8. Matters not covered by this notice shall be in accordance with Public Procurement Act-2063, Public Procurement Regulations-2064 and their amendments.
9. The bidders shall submit their modification or withdrawal in initial method of bid submission. Modification or Withdrawal in other form shall not be accepted.
10. The board reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

## सुन्दरहरैचा नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय बिराटचौक, मोरङ**

१ नं. प्रदेश नेपाल

**शिलबन्दी दरभाउपत्र आह्वानको सुचना**

*दोश्रो पटक प्रकाशन मिति - २०७८/०२/०४*

यस नगरकार्यपालिकाको कार्यालयका लागी आवस्यक तपशिल अनुसारका खरिद कार्य शिलबन्दी दरभाउपत्रको माध्यमबाट गराउनु पर्ने भएकोले इच्छुक योग्य इजाजत प्राप्त फर्म/कम्पनीबाट निम्न शर्तहरुको अधिनमा रही रितपुर्बक शिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

१. दरभाउपत्र खरिद प्रकृया EGP को माध्यमबाट मात्र गरिएको Website : www.bolpatra.gov.np.egp बाट Bid – Document हरु Download गर्न सकिनेछ । E – submission का लागी दरभाउपत्र खरिद दस्तुर बापत राजश्व खातामा जम्मा गरेको र सम्बन्धित ठेक्कानं. र खरिद कार्यको नाम खुलेको राजश्व दाखिला भौचर Electronic Bid files साथै पेश गर्नु पर्नेछ ।
२. e –bidding मार्फत Document खरिद गर्नका लागी रकम जम्मा गर्ने बैकको बिबरण निम्न अनुसार रहेको छ । फ्याक्स ट्रान्सफर आदी मार्फत गरिने खरिद उपर कारबाही गरिने छैन ।
   बैक - कृषि बिकास बैक, बिराटचौक राजश्व खाता नं. - ०६०१५०११४७६३०१४६
३. दरभाउपत्रदाताको फर्म दर्ताको प्रमाणपत्र, चालु आ.ब २०७७/०७८ का लागी नविकरण गरिएको ब्यबशाय इजाजतको (लाईसन्स) प्रमाणपत्र, स्थायी लेखा नम्बर/मुल्य अभिवृद्धि कर दर्ताको प्रमाण पत्र र आ.ब २०७६/०७७ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ ।
४. दरभाउपत्र १६ औं दिन १२.०० बजे भित्रमा E –submission गर्न सकिनेछ । E –submitted बोलपत्र/दरभाउपत्रहरु सोही दिन दिनको १.०० बजे यस कार्यालयमा उपस्थित दरभाउपत्रदाताहरु वा निजको अधिकार प्राप्त प्रतिनिधीहरु र कार्यलयका प्रतिनिधीहरुको रोहवरमा खोलिनेछ । दरभाउपत्र दाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
५. दरभाउपत्र साथ कृषि बिकास बैक बिराटचौक स्थित सुन्दरहरैचा नगरपालिकाको धरौटी खाता नं. ०६०१५०११४७६३००३० मा फर्म/कम्पनीको नामबाट तपशिलमा उल्लेखित दरभाउपत्र जमानत वापतको रकम जम्मा गरेको भौचर वा दरभाउपत्र पेश गर्ने अन्तिम मिति देखी कम्तिमा ७५ (पचहत्तर) दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त "क" बर्गका बाणिज्य बैंकहरुबाट यस कार्यालयका नाममा जारी गरीएको जमानी पत्र (बिड बण्ड) पेश गर्नु पर्नेछ । सो जमानी पत्र (बिड बण्ड) र भौचरमा मा सम्बन्धित ठेक्का नं. र खरिद कार्यको नाम उल्लेख भएको हुनु पर्नेछ । सम्झौता सम्पन्न भएपछी मात्र दरभाउपत्र जमानत बापतको रकम फिर्ता गरिनेछ ।
६. दरभाउपत्रको परिक्षण दरभाउपत्र कागजात अनुसार हुनेछ ।
७. दरभाउपत्रदाताहरुले आफ्नो दरभाउपत्र दाखिला/पेश गर्नु अगाबै दरभाउपत्रमा उल्लेखित बिबरण अनुसार परियोजनाको स्थलगत निरिक्षण गरि पेश गर्नु पर्नेछ ।
८. सुचनामा उल्लेख भएकोमा सोही बमोजिम र अन्य बिषयको हकमा सेथानिय सरकार संञ्चालन ऐन २०७४, सार्बजिक खरिद ऐन २०६३ तथा सार्बजनिक खरिद नियमावलि २०६४ र प्रचलित ऐन नियम तथा नगरपालिकाको निर्णय अनुसार हुनेछ ।
९. दरभाउपत्र शर्तरहित मुल्यपत्र लगायत कार्यालयबाट उपलब्ध गराईएका फारममा कुनै थपघट वा द्रस्टब्य नलेखिएको हुनुपर्नेछ ।
१०. दरभाउपत्रको अन्य कागजातमा (भाषागत समेत) त्रुटी भएमा वा बिषय वा प्रसंगले अन्य अर्थ लागेमा कार्यालयले कुनैबेला सच्याउन बाधा पर्नेछैन । कार्यालयको हितलाई ध्यानमा राखी सबै दरभाउपत्र, पुरै वा आंशिक रुपमा स्वीकार/स्वीकृत गर्ने वा अस्वीकृत/अस्वीकार गर्ने वा सुचना नै रद्द गर्ने लगायतका सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
११. दरभाउपत्र सम्बन्धि थप जानकारीको लागी यस कार्यालयमा सम्पर्क गर्न वा कार्यालयको Website ; sundarharaichamun.gov.np मा समेत हेर्न सकिनेछ ।

| सि.न | ठेक्का नं | कामको विवरण | लागत अनुमान भ्याट बहेक | धरौटी रकम रु. | दस्तुर रु. मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | SHM/MOR/IR/SQ/G/44/2077- 078 | वाद्यवादन सामग्री खरिद तथा सप्लाइ | 1769867 | 50000/- | रु १००० | दरभाउपत्र |
| २ | SHM/MOR/IR/SQ/G/45/2077- 078 | डस्टविन खरिद तथा सप्लाइ | 1767013 | 50000/- | रु १००० | दरभाउपत्र |

-प्रमुख प्रशासकीय अधिकृत